# लिखु पिके गाउँपालिकाको नर्सरी
# स्थापना,संचालन तथा व्यवस्थापन
# कार्यविधि,२०८२

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/१०/२८
राजपत्रमा प्रकाशित मितिः२०८२/१०/२९

# लिखु पिके गाउँपालिकाको नर्सरी स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि,२०८२

**प्रस्तावना:**

ग्रामिण क्षेत्रमा तरकारी वालीका बेर्ना, नगदे, जडीबुटि तथा विभिन्न फलफूलहरुका कलमी विरुवा उत्पादन गरेर कृषि फसललाई बढुवा दिदै कृषकहरुलाई व्यवसायी बन्न सहायता गरी आर्थिक रुपमा सबल बनाउने उद्देश्यका साथै तरकारी जडीबुटि, नगदे तथा फलफूल खेतीवाट दिर्घकालीन रुपमा नाफा आर्जन गर्ने हेतुले स्थानीय संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी लिखु पिके गाउँपालिका, गाउँ कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम " लिखु पिके गाउँपालिकाको नर्सरी स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि २०८२" रहनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. "परिभाषा" विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "अध्यक्ष" भन्नाले लिखु पिके गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।

ख) " अनुदान" भन्नाले गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत, कार्यक्रम बमोजिम कृषिजन्य वस्तुको नर्सरी स्थापना, संचालन तथा व्यवस्थापनका लागि कृषकलाई प्रदान गरिने नगद अनुदान सहुलियत सम्झनु पर्छ। साझेदार निकायबाट हुने कृषि सहुलियतलाई पनि बुझाउदछ।

ग) "उपाधक्ष" भन्ननाले लिखु पिके गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ।

घ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी ,कृषक समूह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्छ।

ङ) "कार्यक्रम' भन्नाले नर्सरी व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम भन्ने सम्झनु पर्छ।

च) " कृषक" भन्नाले खेतबारीमा काम गरेर जीविका चलाउने व्यक्ति, नेपाल सरकार , प्रदेश सरकार वा स्थानीय तहमा नियम अनुसार दर्ता भएका कृषि फर्म तथा कृषि समूहलाई समेत सम्झनु पर्दछ।

छ) " कृषि" भन्नाले आफ्नो जीवन चलाउन भूमिमा पशु तथा कृषि जन्य उत्पादन गर्ने गरिने क्रियाकलापलाई सम्झनु पर्दछ।

ज) "गाउँपालिका" भन्नाले लिखु पिके गाउँपालिकाला सम्झनु पर्दछ।

झ) " कृषि विकास शाखा भन्नाले" लिखु पिके गाउँपालिका कृषि विकास शाखालाई सम्झनु पर्दछ।

ञ) " नर्सरी" भन्नाले विरुवा उत्पादन गर्नका लागि तयार गरिएको ठाउँ तथा संरचनालाई सम्झनु पर्दछ।

ट) " लक्षित वर्ग" भन्नाले गाउँपालिका भित्रका सम्पूर्ण कृषक, कृषक समूह तथा कृषि सहकारीहरुलाई सम्झनु पर्छ।

३. <u>उद्देश्य:</u> यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्देश्यहरु देहाय बमोजिम हुनेछन:

- गुणस्तरीय विरुवा उत्पादन गर्नु।
- कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु
- स्थानीय स्तरमा रोजगारी सिर्जना हुने।

## परिच्छेद-२

४. <u>अनुदान उपलब्ध गराउन सक्ने:</u> गाउँपालिकाले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद-३ मा उल्लेखित कार्यक्रमहरुको उद्देश्य, प्रमुख क्रियाकलाप अनुसार अनुदान उपलब्ध गराउन सक्नेछ।

५. <u>अनुदान रकमको सीमा र प्रतिशत:</u>

(१) गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकम कुल लागतको पच्चहत्तर प्रतिशत भन्दा बढी हुने छैन र अनुदानग्राहीले आफ्नो पक्षको रकम स्थानीय सरकारको कोषमा जम्मा गर्नुपर्नेछ।

(२) परियोजना लागत साना परियोजनाहरुमा समेत अनुदानको सिमा पचहत्तर प्रतिशत भन्दा बढी हुने छैन ।त्यस्ता अनुदानग्राहीहरु बैक मार्फत कारोबार हुनेछन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कार्यक्रम तथा क्रियाकलापको हकमा यो कार्यविधि लागु हुने छैन:

(क) प्राकृतिक विपद वा प्रचलित कानुनमा तोकीएको लक्षित समूहका लागि गाउँपालिका आफैले वा गैर सरकारी संघ संस्थाको सझेदारीमा सञ्चालन हुने कार्यक्रममा।

(४)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागु हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेको परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराईनेछ।

६. <u>अनुदान रकमको निर्धारण:</u> अध्यक्षले अनुदानग्राहीलाई उपलब्ध गराउने रकम स्वीकृत गर्नेछ।

७. <u>निर्देशक समिति:</u> कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायत स्थानीय तह मार्फत सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष- संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) सदस्य समितिले मनोनयन गरेको विज्ञ सदस्य १ जना- सदस्य

(ङ) गाउँपालिकको कृषि शाखा प्रमुख- सदस्य सचिव

समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

८. <u>अनुदानग्राही सम्झौता गर्नु पर्ने:</u> नियम अनुसार दर्ता भएको कृषि व्यवसायिक संघ, संस्था,कृषि सहकारी,कृषि फर्महरु अनुदानको लाभग्राहीको रुपमा रहनेछन। कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ।

९. <u>अनुदान भुक्तानी बैंक मार्फत हुने:</u> कार्यालयले लाभग्राहीलाई एकाउन्ट पेसी चेक मार्फत वा सोझै बैंक खातामा रकाम उपलब्ध गराउनेछ।

१०. <u>असुल उपर गर्नु पर्ने:</u> कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम असुल उपर गर्नेछ।

११. <u>संघीय सरकार वा प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रम:</u> संघीय सरकार तथा प्रदेश सरकारबाट सर्शत अनुदान प्राप्त गरी मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने कार्यक्रमहरु संघीय सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन।

१२. <u>सम्झौता बमोजिम सञ्चालन हुने:</u> यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि साझेदार निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलाप सञ्चालन गर्दा सम्झौता आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन गरिनेछ।

१३. <u>दोहोरो सुविधा लिन नपाउने:</u> अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ वर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन।

१४. <u>अनुदानग्राही जिम्मेवारी हुने:</u>

(१) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम जिम्मेवार हुनेछ।

(२) अनुदानबाट प्राप्त कृषि यन्त्रिकरण सामाग्री वस्तुभाउको अनुदान प्रापकले संरक्षण गर्नुपर्नेछ। सामुहिक उपयोग हुन सक्ने सामग्री तथा वस्तु भाउको यथोचित संरक्षण, सुरक्षा हुन नसकी हानी भएको लागेमा अनुदानको लागत रकम अनुदानग्राहीबाट असुल उपर गर्न बाधा पर्ने छैन।

१५. <u>अनुदान:</u>

(१) लिखु पिके गाउँपालिकाले परिच्छेद ३ अनुसारको शिर्षकमा अनुदान रकम उपलब्ध गराइनेछ।

(२) यस कार्यविधि अन्तर्गतका कार्यक्रमहरुको सम्बन्धीत निकायले अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) लिखु पिके गाउँपालिकाबाट अनुदान प्राप्त गरेका कृषक समूह ,कृषि फर्म तथा कृषि सहकारी संस्थाहरुले अनुसूची २ बमोजिम निवेदन र अनुसूची ३ अनुसार सम्झौता गर्नु पर्नेछ।

१६. <u>विविध:</u> यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

## परिच्छेद-३

१७. कार्यक्रमको नाम: नर्सरी स्थापना कार्यक्रम

(१) परिचय: लिखु पिके गाउँपालिका भित्र आधिकारिक निकायमा दर्ता भई उद्यमी/कृषक समूह/सहकारी/संस्थाबाट सञ्चालन हुने गरी निजि नर्सरीहरुलाई सुदृढीकरण गरी गुणस्तरीय विरुवा उत्पादन गराउन लिखु पिके गाउँपालिका भित्र यो कार्यक्रम संचालन हुनेछ

(२) उद्देश्य:

(क) हाल सञ्चालनमा रहेका पुराना नर्सरीको सुदृढीकरण गरी गुणस्तरीय विरुवा उत्पादन वृद्धि गर्ने।

(ख) नयाँ नर्सरी स्थापना गर्ने।

(ग) नर्सरी उद्यमीहरुलाई रोजगारी सिर्जना गरी जीवनस्तर उकास्न सहयोग गर्ने।

(३) लक्षित समूह: सरकारी निकायमा दर्ता भएका उद्यमी/कृषक/कृषक समूह/सहकारी

(४) प्रमुख क्रियाकलाप:

(क) माउ बोट खरिद तथा संरक्षणको लागि आवश्यक सामाग्री खरिद।

(ख) नर्सरीमा जाली तथा घेरावार निर्माण

(ग) जालीघरभित्र सिंचाई पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्य।

(घ) कृषि औंजार/उपकरणहरु।

(ङ) रोग किरा नियन्त्रण

(५) अपेक्षित उपलब्धिहरु:

(क) नर्सरी स्थापना भई गुणस्तरीय विरुवा उत्पादन र आपूर्तिमा वृद्धि हुनेछ।

(ख) कृषकको माग अनुसारको गुणस्तरीय विरुवा आपूर्ति सहज हुनेछ।

(ग). स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना हुनेछ।

(६) अनुदान प्रतिशत र अधिकतम सीमा: दफा ५अनुसार हुनेछ।

अनुसूची-१
(परिच्छेद-२ को दफा १५को उपदफा २ सँग सम्बन्धीत)

..............................कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)

## सूचना। सूचना।। सूचना।।।

यस.................................को आर्थिक वर्ष..............................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ..............................अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा............स्थानीय तहका कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आव्हानका लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले..................दिनभित्र..................कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि फोन नं. ...................... मा सम्पर्क गर्न सकिने छ।

<u>आवश्यक कागजातहरु:</u>

१. नागरिकता प्रमाण पत्रको प्रतिलिप
२. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि
५. प्रतिवद्धता पत्र
६. कार्यक्रम सम्वन्धी कार्ययोजना

## अनुसूची-२

(परिच्छेद-२ को दफा १५को उपदफा ३ सँग सम्बन्धीत)

### अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)

नाम/थरः श्री..............................ज्यू

..............................कार्यालय

...........................स्थानीय तह/प्रदेश

विषयःअनुदान उपलब्ध गराइदिनुहुन।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति.....................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको...................कार्यक्रमको उद्देश्य,लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपशिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरो गर्दछौं/छु।

<u>तपशिलः</u>

अनुदानग्राहीको नामः

ठेगानाः

वडा नं.

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

<u>निवेदक</u>

कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

पदः

सम्पर्क फोन नं.

मितिः

अनुसूची-३

(परिच्छेद-२ को दफा १५को उपदफा ३ सँग सम्बन्धीत)

## सम्झौता ढाँचा (नमूना)

यो सम्झौता पत्र....................स्थानीय तह (यस पछिको पहिलो पक्ष भनिएको) । र ......................कृषि फर्म/उद्यमी कृषक/कृषक समूह..................गा.पा./न.पा. .....वडा नं. ............टोल (यस पछिको दोस्रो पक्ष भनिएको) बीच तपशिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

यो सम्झौता, सम्झौता भएको मिति..............देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मितिः....साल.....महिना....गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

१ यस सम्झौता बमोजिमको ....................कार्यक्रम सञ्चालन सम्वन्धी सम्पूर्ण कार्ई दोस्रो पक्ष आफैले गर्नु पर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

२ सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्न लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. .... (अक्षेरुपी......) र दोस्रो पक्षको लागत सहभागिता रु..... (अक्षेरुपी......) व्यहोरिनेछ।

३ दोस्रो पक्षले सम्झौता बमजिमको ............कार्यक्रम बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

४ दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

५ प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्वन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

६ दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षेले लिनेछ।

७ सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

प्रथप पक्षको तर्फबाट

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयको छापः

रोवहर

दोस्रो पक्षको तर्फबाट

दस्तखतः

नामः

पदः

ठेगानाः

मितिः

सम्पर्क नं.

संस्थाको छापः

इति संवत् ............ साल महिना ............ गते रोज ............ शुभम्।